**सम्माननीय सभाध्यक्ष महोदय,**

१. स्थानीय सरकारको रुपमा अधिकार सम्पन्न छत्रकोट गाउँपालिकाकोतेस्रो गरिमामय यस गाउँ सभामा छत्रकोट गाउँपालिकाको दोस्रो बजेट सम्मानित गाउँसभामा प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरेको छु।सामाजिक न्यायको लागि लोकतान्त्रिक गणतन्त्र संघीय शासन व्यवस्था ल्याउन जीवन उत्सर्ग गर्नुहुने सबै शहीदहरुप्रति श्रद्धाअञ्जली अर्पण गर्दछु । न्याय समानता स्वाधिनता र समृद्धी प्राप्तिका आन्दोलनहरुमा योगदान गर्नुहुने सम्पूर्ण छत्रकोटवासी र नेपाली दाजुभाइ दिदीबहिनीहरुप्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

२. समृद्धछत्रकोटको भावि तस्विरलाई सामुन्नेमा राखेर आर्थिक नीति कार्यक्रम र योजनाहरु तय गरेको छु । स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गरी साधन, स्रोत र अवसरको न्यायोचित वितरण गर्ने दिगो विकासको लागि पूर्वाधार निर्माण गर्ने सन्तुलित रुपमा वडागत विकास गर्ने र उच्चदरको अर्थिक वृद्धिदर हासिल गर्ने तर्फ यो बजेट केन्द्रित हुनेछ ।

३. मैले बजेट कार्यक्रमहरु प्रस्तुत गर्दै गर्दा गाउँपालिका, गाउँपालिका बाहिर र विदेशमा रहनुभएका नेपाली दाजुभाई दिदीबहिनीहरुले ०७४।०७५ आ.व मा छत्रकोटको विकासको लागि देखाउनु भएको चिन्ता, चासो र तत्परतालाई उच्च सम्मान प्रकट गर्दछु । छिमेकी गाउँपालिकाहरुको सद्भावपूर्ण व्यवहार आम नागरिको सद्भाव र सहयोग र प्रतिवद्धताबाट म उत्साही भएको छु ।

४. मैले आ.व २०७५।०७६ को बजेट तयार गर्दा नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची, संविधानमा उल्लेखित मौलिक हकहरु, संविधानमा उल्लेखित राज्यका नीतिहरु, धारा ५९ को अर्थिक अधिकार, भाग १९ आर्थिक कार्यप्रणाली, नेपाल सरकारबाट स्वीकृत संघ प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरण प्रतिवेदन,स्थानीय सरकार संचालन ऐन २०७४ संघीय सरकारले निर्माण गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,छत्रकोट गाउँसभाबाट ०७४।०३।१० मा ०७५।०७६ का लागि पारित नीति तथा कार्यक्रमको मार्गदर्शनमा, गाउँकार्यपालिकाका बैठक र विषयगत शाखाहरु समेतका परामर्श समेतलाई ध्यानमा राखी स्थानीय ऐन कानूनमा उल्लेखित प्रावधानहरु, छत्रकोट भिजन, विकासका समसामयिक मुद्दाहरु जस्तै दिगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, लैंगिक सशक्तिकरण, वातावरणमैत्रि एवं स्थानीय शासन समेतका विषयलाई ध्यानमा राखेको छु ।

**उद्देश्य**

५. आगामी आर्थिक वर्षको बजेटमा उद्देश्यहरु निम्न बमोजिम राखेको छु ।

- उत्पादकत्व र उत्पादन वृद्धि गरी उच्च आर्थिक वृद्धि हासिल गर्ने
- भौतिक विकास
- आय र रोजगारी वृद्धि गर्ने गरिवी घटाउने
- अवसरको सृजना, सक्षमता अभिवृद्धि र सामाजिक संरक्षण गर्ने

- छत्रकोटबासीलाई गुणस्तरीय सामाजिक सेवा उपलब्ध गराउने
- नमूना छत्रकोट बनाउने

## प्राथमिकता क्षेत्रहरु

६. बजेटको बाँडफाड गर्दा मैले देहायका क्षेत्रहरुलाई प्राथमिकतामा राखेको छु ।

- स्वास्थ्य शिक्षा खानेपानी तथा सरसफाई र कृषि
- सिंचाई र सडक
- वन पर्यटन उद्धोग
- सामाजिक सुरक्षा
- सेवा प्रवाह र सुशासन

सम्माननीय सभाध्यक्ष महोदय,

अब म आर्थिक बर्ष २०७५।०७६ को बजेट प्रस्तुत गर्दछु ।

**७.स्वास्थ्य**

महिला स्वास्थ्य स्वयं सेविकाको कार्यको उच्च मूल्यांकन गर्दै प्रोत्साहन रकम प्रदान गरिने कार्यले निरन्तरता पाउने छ । आमा सुरक्षा कार्यक्रम अन्तरगत गर्भवती झण्डा कार्यक्रमलाई गाउँपालिकाका सबै वडामा लागू गरिने छ । गरिव असाहाय व्यक्तिको स्वास्थ्य उपचारमा केही मात्रै भएपनि सहयोग पुर्याउने उद्देश्यले असाहय स्वास्थ्य उपचार सहयोग कोषको स्थापना गरि सकिएको छ । सुगर र ब्लड प्रेसरबाट पिडीत विरामीलाई लक्षित गरी "गाउँपालिका सुगर प्रेसर पहिचान र न्यूनिकरण कार्यक्रम" संचालन गरिएको छ । अति विपन्न समुदायबाट स्वास्थ्य विमा सामुदायिक स्वास्थ्य इकाइ स्थापना र नो होम डेलिभेरीका लागि दौंघा र हर्दिनेटामा समेत बर्थिङ सेन्टर संचालन गर्ने गरी रकम रू १०,७०,०००।०० विनियोजन गरिनुका साथ समग्र स्वास्थ्य क्षेत्र सुधारको लागि आवश्यक कुल रकम रू ११२,१८,०००।०० बजेट विनियोजन गरेको छु ।

**८.शिक्षा**

गाउँपालिकाको समग्र शिक्षामा तिव्र गुणस्तर सुधार, शिक्षाको प्रारम्भ विन्दु बाल शिक्षाको भौतिक पक्ष र समग्र गुणस्तर सुधारको लागि पर्याप्त बजेट विनियोजन गरेकै छु । शिक्षा क्षेत्रको समग्र चित्र दर्पण आउने गरी गाउँपालिकास्तरको शैक्षिक प्रोफाइल तयारी गरिने छ । विद्यालयमा इ एटेन्डेन्स प्रणाली लागू गरिएको छ । नपुग थपको लागि बजेट व्यवस्था गरेको छु । किशोरी छात्राहरुको महिनावारी स्वास्थ्य व्यवस्थापनको लागि रकम व्यवस्था गर्नुका साथै शिक्षा क्षेत्र र खेलकुद समेतको व्यवस्थापन र विकासको लागि रू ८२,८४,०००। विनियोजन गरेको छु ।

**९. खानेपानी तथा सरसफाई कार्यक्रम**

पानी जीवन हो भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै खानेपानी तथा सरसफाईमा प्राथमिकता दिने निती अनुरूप पानी वर्षको रूपमा अगाडी बढीने छ । ०७४।०७५ मा ५ वर्ष वर्ष भित्रमा छत्रकोटबासी सबैका भान्सा भान्सामा शुद्ध खानेपानीको धारा पुर्याउने संकल्प गरे अनुसार कार्यक्रम अगाडि बढाइने छ । दौंघा, हुँगा, पल्लीकोट, धरमपानी र दिगाम ब्लक न १८ मा खा.पा योजनालाई पर्याप्त रकम विनियोजन गरिएको छ । यसरी अ.व. ०७५।०७६ को लागि खानेपानी तथा सरसफाइको लागि बजेट रकम रू ३,३६,६०,०००।०० विनियोजन गरेको छु ।

**१०.कृषि**

मुख्य पेशा कृषि रहेको छत्रकोट गाउँपालिकाको विकासको मुख्य आधार कृषि नै हो । परम्परागत र निर्वाहमुखि खेती प्रणालीलाई आधुनिक र प्रविधियुक्त बनाई व्यवसायिक किसानलाई सहयोग गर्दै कृषि उत्पादनमा मात्रात्मक र गुणात्मक वृद्धि गरी कृषि र पशुजन्य उत्पादन निर्यात गरी नागरिकको आय आर्जनमा वृद्धि गर्नु आजको आवश्यकता रहेको छ । व्यवसायिक किसान बढाउदै उत्कृष्ट कृषकलाइ पेन्सन दिने तथा कृषि क्षेत्रको समग्र विकास गर्दै जाने नितीका साथ अगाडी बढेका छौ । आ.व. ०७४।०७५ मा कृषि औजार, हाते ट्याक्टर, प्लाष्टिक टनेलहरु वितरण र कृषक फर्महरुले अनुदान प्राप्त गरे । कृषिको समग्र विकासका लागि रु ९९,६०,०००।०० विनीयोजन गरेको छु ।

**११.सिंचाइ**

सिंचाई शिर्षकमा रु. २७,७४,०००।०० बजेट विनियोजन गरेको छु । यो रकम गाउँपालिकाका विभिन्न नयाँ तथा पुराना सिंचाइ आयोजना मर्मत गर्ने गरी खर्च गर्ने व्यवस्था मिलाएको छु ।

**१२. सडक**

सडक शिर्षकमा यातायात संचालन नपुगेका स्थानमा पुर्याउने र सडकको स्तर उन्नतीको लागि कुल रु. १,५३,३०,०००।०० बजेट विनियोजन गरेको छु । ह्युम पाइप खरिदको लागि बजेट विनियोजन गरेको छु ।

**१३. वन तथा भू संरक्षण**

पोखरी निर्माण कार्य थपिने तथा मर्मत सम्भार गरिने छ । छत्रकोट देवालय परिसरमा वृक्षारोपण तथा संरक्षण कार्यलाई पूर्णता दिइने छ । यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु । विभिन्न स्थानमा पहिरो नियन्त्रण र भू संरक्षणका लागि रू १४,२५,०००।०० बजेट छुट्याएको छु ।

**१४. पर्यटन**

छत्रकोट देवालय क्षेत्रलाई थप पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गर्दै लगिने छ । छत्रकोट देवालय र हनुमानथान मन्दिर रहेको स्थानको वरिपरी छत्रकोट साइकल रोड निर्माण कार्य यसै आ.व मा गरिने छ । यसबाट पर्यटक आगमनमा वृद्धि हुने आशा लिएको छु र यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु । यस गा.पा

भित्रका हुँगा शिवालय मन्दिर देउती ढुङ्गा र दौंघा गढी लगायतका ऐतिहासिक धार्मिक स्थानको संरक्षण विकास गर्न बजेट राखिएको छ । यसका लागि रू २५,२५,०००।०० विनियोजन गरेको छु ।

**१५.<u>उद्धोग तथा वाणिज्य</u>**

साना तथा घरेलु उद्धोगलाई गाउँपालिकास्तर बाट प्रबर्धनात्मक कार्यक्रम संचालन गरिने छ । गोलभेडाको शस बनाउने तालिम, टपरी उद्धोग, बेसार उद्धोग लगायत अन्य उद्धमशिलता र तालिमको लागि रू ४,३०,०००।०० बजेट विनियोजन गरेको छु ।

**१६. <u>सहकारी</u>**

सहकारीलाई उत्पादनसँग जोडिने नीति अवलम्बन गरिनेछ । सहकारी क्षेत्रको विकासको लागि रु. ५,००,०००।०० विनियोजन गरेको छु ।

**१७. <u>वित्तिय क्षेत्र</u>**

विभिन्न दातृ निकाय तथा संघ संस्थासँगको सहकार्यमा विकास आयोजना सम्पन्न गर्नको लागि समपुरक एवं वत्तीय व्यवस्थापन कोषको व्यवस्था गरेको छु । यसको लागि रु. ७०,००,०००।०० विनियोजन गरेको छु । दैविक प्रकोप प्राकृतिक प्रकोप मानवीय कारण आदिबाट सृजना हुने विपदको व्यवस्थापनको लागि विपद व्यवस्थापन कोषको स्थापना गरिएको छ। यसको लागि रु. ३,००,०००।०० विनियोजन गरेको छु ।

**१८. <u>संस्कृति प्रवर्धन</u>**

पन्चेबाजा संरक्षण कार्यक्रम, सराँय नाच प्रवर्धन, सोरठी नाच, मारुनी नाच, भजन तथा लाखे नाच, तीज गीत लगायतका स्थानीय संस्कृति संरक्षण र विकासको लागि रु. ३,००,०००।०० विनियोजन गरेको छु ।

**१९. <u>खेलकुद तथा मनोरञ्जन</u>**

गाउँपालिका क्षेत्रका उपयुक्त स्थानमा खेलकुद मैदानहरु निर्माण भईसकेको र थप निर्माण तथा खेलकुद सामाग्रीका लागि बजेट व्यवस्था गरीएको छ ।

**२०.<u>लैंगिक तथा सामाजिक समावेशीकरण</u>**

लैंगिक तथा सामाजिक समावेशिकरण कार्यक्रमको लागि रु. ५९,४५,०००।०० विनियोजन गरेको छु । कुमाल बोटे मुस्लिम जस्ता सीमान्तकृत र पिछडिएका जातीको उत्थान एवं महिला बालबालिका लक्षित कार्यक्रमको लागि र दलित, जनजाति, अपांग, जेष्ठ नागरिक, सुकुम्वासी, विपन्न वर्गको उत्थानको लागि बजेट व्यवस्था गरेको छु ।

**२१. <u>उर्जा</u>**

विधुतिय पोल, महत्वपूर्ण सडक, धार्मिक स्थल, स्वास्थ्य संस्था आदिमा सोलार बत्ति जडानको लागि रु. ३०,००,०००।०० विनियोजन गरेको छु । विपन्न वर्गलाई विद्‌धुत जडान सहयोगको लागि बजेट विनियोजन गरेको छु ।

**२२.<u>भवन तथा सहरी विकास</u>**

गरिवीको कारणले खरको छानामुनि बस्न बाध्य घरपरिवारलाई कर्कटपाता विरतण गरिने छ । यसको लागि रु. ५०,००,०००।०० विनियोजन गरेको छु । नमूना वस्ती विकासको लागि र भवनका लागि रु. २०,००,०००।०० बजेट विनियोजन गरेको छु ।

**२३. <u>जलाधार संरक्षण</u>**

विभिन्न जलाधार क्षेत्र तथा पानीका मुहान संरक्षणको लागि रु. ३,७०,०००।०० विनियोजन गरेको छु ।

**२४. <u>वातावरण तथा जलवायु परिवर्तन</u>**

वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**२५. <u>फोहोरमैला तथा ढल व्यवस्थापन्</u>**

फोहोरमैला तथा ढल व्यवस्थापन कार्यको लागि बजेट विनियोजन गरेको छु । छत्रकोट २ पल्लिकोट र छत्रकोट ३ हर्दिनेटालाई पूर्ण सरसफाइयुक्त वडा घोषणा कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु । फोहरमैला व्यवस्थापन गर्नका लागि गाउँपालिकास्तरिय ३ वटा समिति गठन गरी ०७४।०७५ मा कार्य प्रारम्भ गरीएको छ ।

**२६. <u>जल उत्पादन प्रकोप नियन्त्रण</u>**

खर्ज्याङ खोला, वडीघाट खोला, टुनी खोला, रिडि खोला, सेड्दीकुलो बाँध निर्माण, हर्दि खोला, कोरदी खोला, उल्ली खोला, पचभैया खोलामा जल उत्पन्न प्रकोप नियन्त्रणको लागि कार्यक्रम बनाइ अगाडि बढिने छ ।

**२७. <u>विपद व्यवस्थापन</u>**

विपद प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिने छ ।विपद व्यवस्थापन समितिको गठन प्रत्येक वडामा १० जनाका दरले स्वयमसेवक टोली गठन गरी कार्य प्रारम्भ भईसकेको छ । टोल टोलमा विपद उद्दार समूह गठन तालिम र परिचालन गरी अगाडी बढिने छ । यसको लागि आवश्यक रु. ३,७५,०००।०० विनियोजन गरेको छु ।

**२८. <u>सामान्य सेवा</u>**

सरकारी कार्यालयको सेवा प्रवाहलाई अधिकतम जनमैत्री बनाइने छ । कम्प्युटर तालिम, क्षमता विकास तालिम मार्फत जनप्रतिनिधि र कर्मचारीहरुको कार्यक्षमता वृद्धि गरिने छ । हरेक सरकारी कार्यालयमा नागरिक हेल्प डेस्कको निर्माण र संचालन गरिने छ । सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गरिने छ ।

**२९. सूचना प्रविधि**

सूचना प्रविधि शिर्षकको लागि रु. ९,००,०००।०० विनियोजन गरेको छु । गाउँपालिका क्षेत्रका निश्चित स्थानहरुलाई वाइपाइ जोनको रुपमा विकास गरिने छ । यसको लागि बजेट व्यवस्था गरेको छु । नयाँ नयाँ सूचना प्रविधिका सामग्रीको प्रयोगलाई बढवा दिइने छ । विद्धुतीय एवं सफ्टवेयर प्रणाली अवलम्बन गरिने छ । इन्टरनेट नजोडिएका वडा कार्यालयहरुमा इन्टरनेट जडान गरिने छ ।

**३०. पञ्जिकरण**

पञ्जिकरण व्यवस्थापनको लागि बजेट विनियोजन गरेको छु । अनलाइन घटना दर्ता सिस्टमलाई क्रमश अवलम्बन गरिने छ ।

**३१. स्थानीय तथ्यांक संकलन**

- निर्माण भइसकेका पार्श्वचित्र अध्यावधिक गर्दै लगिने छ ।
- नविनतम प्रविधियुक्त सूचना तथा अभिलेख केन्द्रको स्थापना गरी संचालन गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्र सम्पन्न भएका तथा चालू योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेख गरिने छ ।
- सम्पूर्ण सरकारी कार्यालयहरुको अभिलेख प्रणालीलाई व्यवस्थित बनाइने छ ।
- गाउँपालिका भित्रका ऐतिहासिक धार्मिक पुरातात्विक महत्वका सम्पूर्ण विषयहरुको खोज गरी अभिलेखीकरण गरिने छ ।

  यसका लागि बजेट व्यवस्था गरेको छु ।

**३२. सुशासन प्रवर्धन**

- डिजिटल नागरिक वडापत्रको समेत व्यवस्था गर्दै लगिने छ ।
- गुनासो व्यवस्थापनको प्रभावकारी संयन्त्र गठन गरिने छ । सार्वजनिक सुनुवाई सामाजिक परीक्षण घुम्ती सेवा सेवाग्राही सन्तुष्टि मापन आदि जस्ता सेवा प्रवाहका नविनतम अवधारणाको अवलम्बन गरिने छ । समग्रमा यस शिर्षकमा रु. ३,२५,०००।०० विनियोजन गरेको छु ।

**३३. बजेट कार्यान्वयन**

उपभोक्ता समिती मार्फत कार्यान्वयन गरिने योजनाहरुमा कम्तिमा दश प्रतिशत जनसहभागिता अनिवार्य गरेको छु । आयोजनाहरुको अनुगमन गाउँपालिका अध्यक्ष उपाध्यक्ष प्रमुख प्रशासकीय अधिकृत / प्राविधिक समेत आवश्यक जनशक्तीबाट हुने व्यवस्था मिलाइने छ । आयोजनासँग सम्बन्धित विषयगत समिति विषयगत

शाखाहरुबाट समेत नियमित अनुगमन मुल्यांकनको व्यवस्था मिलाइने छ । साथै सम्बन्धित वडाका वडाध्यक्ष लगायतका जनप्रतिनिधिहरुबाट समेत अनुगमन मुल्यांकन हुने व्यवस्था मिलाइने छ । यसबाट बजेट कार्यान्वयनमा अनुशासन र नतिजा प्राप्तिको सुनिश्चतता आउने विश्वास लिएको छु ।

**<u>३४. जवाफदेहीता र उत्तरदायीता</u>**

विनियोजित पूँजीगत बजेट समयमा खर्च नहुने ढिलो गरी हतारले कार्य गर्ने तरीकालाइ पूर्ण रूपमा निरूत्साहित गरीने छ । निर्धारित समय र लागतमा कार्य सम्पन्न गर्ने निर्माण गुणस्तर कायम गर्ने र निर्णयकर्ता तथा निर्माण सम्बद्ध व्यवसायी तथा उपभोक्ता समिति परिणामप्रति जवाफदेही तथा उत्तरदायी हुने प्रणालीको विकास गरिने छ ।

**<u>३५.बजेट कार्यान्वय कार्यतालिका</u>**

बजेट कार्यान्वयन कार्यतालिका बनाइ सोहि बमोजिम कार्यान्वयन गर्दै लगिने छ ।

**सभाध्यक्ष महोदय**

अब म ०७४।०७५ को संसोधित आय / व्यय अनुमान र ०७५।०७६ को लागि अनुमानित आय/व्यय माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु, बजेट कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थाको योजना प्रस्तुत गर्दछु ।

०७४।७५ को संसोधित आय।व्यय निम्नानुसार छ ।

कुल आय अनुमान (असार मसान्त सम्मको) रू ३३,१४,६६,८२१।००

कुल व्यय अनुमान (असार मसान्त सम्मको) रू २४,९४,११,०००।००

आगामी ०७५।७६ को लागि कूल बजेट रु. ३५,९५,५३,०००।०० विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालुतर्फ रु. २३,६९,९८,०००।०० र पुँजीगत तर्फ रु. १२,२५,५४,०००।०० छ जसमा नेपाल सरकार र प्रदेश सरकारबाट शसर्त अनुदान अन्तरगत प्राप्त रु. १५,६५,७९,०००।०० समेत चालु तर्फ राखिएको छ । आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये स्थानीय राजश्वबाट रु. २८,५१,०००।००, नेपाल सरकारको अनुदानबाट रु. २८,३६,३७,०००।००, प्रदेश सरकारबाट रु. १,७७,२४,०००। र चालु वर्षको अनुमानित मौज्दात रु ५,५३,४१,०००।०० रहेको छ ।

सभाध्यक्ष महोदय,

यो बजेटको कार्यान्वयनबाट गाउँपालिका न्यायपूर्ण विकाससँगै समृद्धि तर्फ अगाडी बढ्ने विश्वास लिएको छु ।

यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नुहुने आदरणीय अध्यक्ष ज्यू, परामर्श दिने वडाध्यक्ष ज्यूहरु, विभिन्न विषयका विज्ञ, अर्थशास्त्री, विभिन्न राजनीतिक दलका नेता ज्यूहरु, नागरिक समूहका अगुवाहरु,सामाजिक

अभियान्ता, विषयगत कार्यालयका प्रमुख ज्यूहरु एवम पत्रकार लगायत सम्पूर्णप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यस कार्यमा खटी कार्यक्रम र बजेट निर्माण कार्यमा सहयोग पुर्याउने प्र.प्र.अ.एवं सबै कर्मचारीहरुमा विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा छत्रकोटको विकासमा टेवा पुर्याउनुहुने सबै करदाताहरु, संघीय सरकार प्रदेश सरकार दातृ निकायहरु, गैरसरकारी तथा सामुदायिक संस्थाहरु, सहकारी संस्थाहरु लगायत छत्रकोटबासी र छत्रकोट गाउँपालिकालाई माया गर्नुहुने सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरुलाई यस अवसरमा हार्दिक आभार प्रकट गर्दै यो बजेटको सफल कार्यान्वयनमा समेत सबैको पूर्ण सहयोग पाउने विश्वास गर्दछु ।

**धन्यवाद ।**

**नर्मदा भण्डारी**
**उपाध्यक्ष**